दशौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माईन्यूट) सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा ७५(३) बमोजिम प्रकाशित गरिएको जानकारी

१. वैधानिक सभा

सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको दशौं वार्षिक साधारणसभा कम्पनीका अध्यक्ष श्री केशव प्रसाद भट्टराईज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय गर्यो ।

२. सभा भएको मिति, स्थान र समय :

मिति: २०७५/०३/३२ (तदनुसार १६ जुलाई २०१८) सोमबार
स्थान : होटल हेरिसन प्यालेस, बजरंगबली मार्ग, विराटनगर
समय : बिहान ११.०० बजे

३. सभाको सूचना प्रकाशन

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको वार्षिक साधारण सभाको सूचना, अध्यक्षज्यूको मन्तव्य, आ.व. २०७३/७४ को लेखापरीक्षण सहितको वार्षिक प्रतिवेदन शेयरधनीमहानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै सभाको पहिलो सूचना मिति २०७५/०३/०८ को नागरिक राष्ट्रिय दैनिक र दोस्रो सूचना मिति २०७५/०३/१८ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो ।

४. छलफलका विषयहरु :

(क) साधारण प्रस्ताव :

१) अध्यक्षज्यूको मन्तव्य तथा संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखा परीक्षकको प्रतिवेदन सहित २०७४ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७३/७४ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।

३) लेखा परीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७४/०७५ को लागि लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखा परीक्षक श्री पि.एल. श्रेष्ठ एण्ड कम्पनी पुन: नियुक्ति हुन योग्य रहेको ।)

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयर लाभांश(बोनस शेयर) जारीको लागि कर प्रयोजनार्थ ०.६३२ प्रतिशत अर्थात रु रु ६३,८२,८९५।०० (अक्षरेपी त्रिसठ्ठी लाख बयासी हजार आठ सय पन्चानब्बे) नगद लाभांश स्विकृत गर्ने ।

५) सर्वसाधारण शेयरधनीको तर्फबाट रिक्त रहेको कम्पनीको संचालक समितिको सदस्य पदमा मिति २०७४।११।१८ को संचालक समितिको १०८ औं बैठकले श्री वीरेन्द्र बाबु श्रेष्ठलाई संचालक समितिको बाँकी कार्यकालको लागि संचालक समितिको सदस्य पदमा गरिएको नियुक्ति अनुमोदन गर्ने ।

(ख) विशेष प्रस्ताव :

१) नवौं वार्षिक साधारण सभाबाट पारित गरी हाल निष्काशन भई बाँडफाँटको क्रममा रहेको ४० प्रतिशत हकप्रद शेयरको समायोजन पछि कायम हुने चुक्ता पूँजी रु १,०१,०६,२५,०००।०० (अक्षरेपी एक अरब एक करोड छ लाख पच्चिस हजार) को १२ प्रतिशतले हुने रु १२,१२,७५,०००।०० (अक्षरेपी बाह्र करोड बाह्र लाख पचहत्तर हजार) को शेयर लाभांश (बोनस शेयर) वितरण गर्ने प्रस्ताव पारित गर्ने । साथै शेयर लाभांश (बोनस शेयर) वितरण गर्दा कायम हुन आउने दशमलव पछिको भिन्न अंक (Fraction) लाई सम्बन्धित शेयरधनीकोमा पछि समायोजन गर्ने गरि यथावत कायम राख्ने ।

२) शेयर लाभांश (बोनस शेयर) जारी गर्ने विशेष प्रस्ताव पारित भए पश्चात हुन आउने चुक्ता पूँजीको ७० प्रतिशत हकप्रद शेयर (Right Share) जारी गर्ने प्रस्ताव पारित गर्ने ।

३) शेयर लाभांश (बोनस शेयर) तथा हकप्रद शेयर जारी गरे पश्चात हुने शेयर संरचना बमोजिम जारी तथा चुक्ता पूँजीलाई सोही अनुरुप वृद्धि गर्ने साथै सोही बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।

४) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संशोधन एवं स्विकृतिको क्रममा नियमनकारी निकायबाट कुनै संशोधन, फेरबदल गर्न वा थपघट गर्न निर्देशन प्राप्त भएमा सोही बमोजिम गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

५) बीमकको संस्थागत सुशासन निर्देशिका बमोजिम विभिन्न समिति तथा उपसमितिहरुलाई प्रदान गरिएको बैठक भत्ताको अनुमोदन गर्ने ।

६) कम्पनी (पहिलो संशोधन) ऐन, २०७४ को दफा १०५(१) (ञ) बमोजिम आ.व. २०७४/७५ मा चन्दा शीर्षक अन्तर्गत भएको खर्चको अनुमोदन गर्ने ।

(ग) विविध

५. सभामा उपस्थिती

५.१ संचालक समितिका पदाधिकारीहरु

१.	श्री केशव प्रसाद भट्टराई	अध्यक्ष
२.	श्री हेमन्त नाहटा	संचालक
३.	श्री डा. बिनोद आत्रेय	संचालक
४.	श्री विशाल अग्रवाल	संचालक
५.	श्री वीरेन्द्र बाबु श्रेष्ठ	संचालक
६.	श्री वृति टिबरेवाल	संचालक
७.	श्री गंगा प्रसाद शर्मा	स्वतन्त्र विज्ञ संचालक

५.२ अन्य पदाधिकारीहरुको उपस्थिती

१.	श्री शिवनाथ पाण्डे	प्रमुख कार्यकारी अधिकृत
२.	श्री राजु रजवाल	कम्पनी सचिव

५.३ शेयरधनीहरुको उपस्थिती

१. स्वयं उपस्थित हुने शेयरधनीहरुको संख्या : १०
२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या : ४५
३. जम्मा उपस्थित संख्या : ५५

६. सभाको वैधानिकता र सभाको सभापतित्व

६.१ कम्पनी ऐन तथा कम्पनीको नियमावली बमोजिम सभा बोलाईएको, कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (१) बमोजिम साधारण सभाको गणपूरक संख्या बाँडफाँट भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरि कम्तीमा ३ जना शेयरधनीको उपस्थिती हुनु पर्ने व्यवस्था भए अनुसार कम्पनीको वार्षिक साधारण सभामा रहेको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिर जनाउने शेयरधनीहरुको संख्या १० जना भएको र प्रोक्सी मार्फत ४५ गरि कुल शेयरको ६८.६० प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कानुन अनुसार दशौं वार्षिक साधारण सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ कम्पनी ऐन तथा कम्पनी नियमावलीमा व्यवस्था भए अनुसार संचालक समितिका अध्यक्ष श्री केशव प्रसाद भट्टराईज्यूले सभाको अध्यक्षता ग्रहण गर्दै बिहान ११.०० बजे कम्पनी सचिवलाई सभाको काम कारवाही अगाडी बढाउन निर्देशन दिनु भयो ।

६.३ सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री शिवनाथ पाण्डेले स्वागत गर्नु भई कम्पनीको रणनीतिक योजनाको जानकारी सहित शेयरधनी महानुभावहरुलाई उचित तथा निरन्तर प्रतिफल प्रदान गर्ने व्यवस्थापन पक्ष प्रयासरत रहने बताउनु भयो ।

७. वार्षिक साधारणसभाको प्रस्तुती

सभामा अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई पूर्व निर्धारित छलफलको विषय सूचिमा उल्लेख गरिएका आ.व.२०७३/७४ को संचालक समितिको प्रतिवेदन पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेस गर्नुभयो । यसै गरी सभा समक्ष लेखापरिक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात, आ.व. २०७३/७४ को नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँट हिसाब र नगद प्रवाह विवरण सहितका सम्पूर्ण वित्तिय विवरणहरु छलफलका लागि सभा समक्ष पेस गर्नुभयो ।

८. शेयरधनीहरुबाट प्राप्त सुझाव र सो को जवाफ

८.१ सभामा उपस्थित शेयरधनी महानुभावहरुले कम्पनीको वार्षिक प्रतिवेदन तथा लेखा परिक्षण विवरण समेतमा समर्थन जनाउनु भएको थियो ।

८.२ सभाका अध्यक्षज्यूले सभामा उपस्थित शेयरधनीहरुको समर्थनको स्वागत गर्दै आगामी दिनमा शेयरधनीहरुको सुझाव बमोजिम कम्पनीलाई अगाडी बढाउने र कम्पनीको प्रतिस्पर्धी क्षमता विस्तार समेतमा योजनाका साथ कार्य गर्ने उल्लेख गर्नुभयो ।

९. सभाको निर्णय

(क) साधारण प्रस्तावतर्फ

१. अध्यक्षज्यूको मन्तव्य तथा संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
सभामा प्रस्तुत आ.व. २०७३/७४ को संचालक समितिको प्रतिवेदन सभाका अध्यक्षज्यूले अनुमोदनका लागि सभा समक्ष पेस गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट अनुमोदन गरि पारित गर्ने निर्णय गर्यो ।

२. लेखा परिक्षकको प्रतिवेदन सहित २०७४ आषाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०७३/७४को नाफा/ नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत्सम्बन्धी अनुसूचिहरु माथि छलफल गरि पारित गर्ने ।
लेखा परिक्षकको प्रतिवेदन सहित २०७४ आषाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०७३/७४ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत्सम्बन्धी अनुसूचिहरु पारित गरियोस् भनी सभाका अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेस गर्नु भएकोमा सभाले उल्लेखित वित्तिय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्यो ।

३. लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७४/०७५ को लागि लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखा परीक्षक श्री पि.एल. श्रेष्ठ एण्ड कम्पनी पुन: नियुक्ति हुन योग्य रहेको ।)
लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७४/०७५ को लागि लेखा परिक्षकको नियुक्ति गरि तिनको पारिश्रमिक निर्धारण गर्नका लागि सभाका अध्यक्षज्यूले सभामा प्रस्ताव पेस गर्नु भएकोमा सभाले लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७४/०७५ को लागि लेखा परिक्षकमा श्री पि.एल. श्रेष्ठ एण्ड कम्पनीलाई नियुक्त गर्ने र मूल्य अभिवृद्धि कर बाहेक लेखा परिक्षण शुल्क बापत रु. ३००,०००/- पारिश्रमिक निर्धारण गर्ने निर्णय सर्वसम्मतिले पारित गर्यो ।

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयर लाभांश (बोनस शेयर) जारीको लागि कर प्रयोजनार्थ ०.६३२ प्रतिशत अर्थात रु ६३,८२,८९५।०० (अक्षरेपी त्रिसठ्ठी लाख बयासी हजार आठ सय पन्चानब्बे) नगद लाभांश स्विकृत गर्ने ।
संचालक समितिले प्रस्ताव गरे बमोजिम हकप्रद शेयर पूर्ण बाँडफाँट पश्चात कायम चुक्ता पूँजी रु.१,०१,०६,२५,०००/- को १२ प्रतिशतले हुने रु. १२,१२,७५,०००/- शेयर लाभांश (बोनस शेयर) जारी गर्दा सो शेयर लाभांश (बोनस शेयर)को कर प्रयोजनार्थ रु. ६३,८२,८९५।०० (अक्षरेपी त्रिसठ्ठी लाख बयासी हजार आठ सय पन्चानब्बे) नगद लाभांश स्विकृत गर्नका लागि अध्यक्षज्यूले सभामा प्रस्ताव पेश गर्नु भएकोमा सभाले बोनस शेयरको कर प्रयोजनार्थ रु. ६३,८२,८९५।०० (अक्षरेपी त्रिसठ्ठी लाख बयासी हजार आठ सय पन्चानब्बे) नगद लाभांश वितरण गर्ने निर्णय सर्वसम्मतिले पारित गर्यो ।

५. सर्वसाधारण शेयरधनीको तर्फबाट रिक्त रहेको कम्पनीको संचालक समितिको सदस्य पदमा मिति २०७४।११।१८ को संचालक समितिको १०८ औं बैठकले श्री वीरेन्द्र बाबु श्रेष्ठलाई संचालक समितिको बाँकी कार्यकालको लागि संचालक समितिको सदस्य पदमा गरिएको नियुक्ति अनुमोदन गर्ने ।
सर्वसाधारण शेयरधनीको तर्फबाट रिक्त रहेको कम्पनीको संचालक समितिको सदस्य पदमा मिति २०७४।११।१८ को संचालक समितिको १०८ औं बैठकले एसियन डिष्ट्रिब्युटर प्रा.लि.का प्रतिनिधि श्री वीरेन्द्र बाबु श्रेष्ठलाई संचालक समितिको बाँकी कार्यकालको लागि संचालक समितिको सदस्य पदमा गरिएको नियुक्ति अनुमोदन गर्नको लागी अध्यक्षज्यूले सभामा प्रस्ताव पेश गर्नु भएकोमा एसियन डिष्ट्रिब्युटर प्रा.लि.का प्रतिनिधि श्री वीरेन्द्र बाबु श्रेष्ठलाई संचालक समितिको बाँकी कार्यकालको लागि संचालक समितिको सदस्य पदमा गरिएको नियुक्तिलाई सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गर्यो ।

ख. विशेष प्रस्तावतर्फ

१. नवौं वार्षिक साधारण सभाबाट पारित गरी हाल निष्काशन भई बाँडफाँटको क्रममा रहेको ४० प्रतिशत हकप्रद शेयरको समायोजन पछि कायम हुने चुक्ता पूँजी रु १,०१,०६,२५,०००।०० (अक्षरेपी एक अरब एक करोड छ लाख पच्चिस हजार) को १२ प्रतिशतले हुने रु १२,१२,७५,०००।०० (अक्षरेपी बाह्र करोड बाह्र लाख पचहत्तर हजार) को शेयर लाभांश (बोनस शेयर) वितरण गर्ने प्रस्ताव पारित गर्ने । साथै शेयर लाभांश (बोनस शेयर) वितरण गर्दा कायम हुन आउने दशमलव पछिको भिन्न अंक (Fraction) लाई सम्बन्धित शेयरधनीकोमा पछि समायोजन गर्ने गरि यथावत कायम राख्ने ।
संचालक समितिले सिफारिस गरे अनुसार नवौं वार्षिक साधारण सभाबाट पारित गरी हाल निष्काशन भई बाँडफाँटको क्रममा रहेको ४० प्रतिशत हकप्रद शेयरको समायोजन पछि कायम हुने चुक्ता पूँजी रु १,०१,०६,२५,०००।०० (अक्षरेपी एक अरब एक करोड छ लाख पच्चिस हजार) को १२ प्रतिशतले हुने रु १२,१२,७५,०००।०० (अक्षरेपी बाह्र करोड बाह्र लाख पचहत्तर हजार) को शेयर लाभांश (बोनस शेयर) वितरण गर्ने प्रस्ताव पारित गर्ने । साथै शेयर लाभांश (बोनस शेयर) वितरण गर्दा कायम हुन आउने दशमलव पछिको भिन्न अंक (Fraction) लाई सम्बन्धित शेयरधनीकोमा पछि समायोजन गर्ने गरि यथावत कायम राख्ने सम्बन्धी प्रस्ताव सभाका अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएकोमा आर्थिक वर्ष २०७३/७४ को मुनाफाबाट नवौं वार्षिक साधारण सभाबाट पारित गरी हाल निष्काशन भई बाँडफाँटको क्रममा रहेको ४० प्रतिशत हकप्रद शेयरको समायोजन पछि कायम हुने चुक्ता पूँजी रु १,०१,०६,२५,०००।०० (अक्षरेपी एक अरब एक करोड छ लाख पच्चिस हजार) को १२ प्रतिशतले हुने रु १२,१२,७५,०००।०० (अक्षरेपी बाह्र करोड बाह्र लाख पचहत्तर हजार) को शेयर लाभांश (बोनस शेयर) वितरण गर्ने प्रस्ताव पारित गर्ने । साथै शेयर लाभांश (बोनस शेयर) वितरण गर्दा कायम हुन आउने दशमलव पछिको भिन्न अंक (Fraction) लाई सम्बन्धित शेयरधनीकोमा पछि समायोजन गर्ने गरि यथावत कायम राख्ने प्रस्तावलाई सर्वसम्मतिले पारित गर्यो ।

२. शेयर लाभांश (बोनस शेयर) जारी गर्ने विशेष प्रस्ताव पारित भए पश्चात हुन आउने चुक्ता पूँजीको ७० प्रतिशत हकप्रद शेयर (Right Share) जारी गर्ने प्रस्ताव पारित गर्ने ।
शेयर लाभांश (बोनस शेयर) जारी गर्ने विशेष प्रस्ताव पारित भए पश्चात हुन आउने चुक्ता पूँजीको ७० प्रतिशत हकप्रद शेयर (Right Share) जारी गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धी प्रस्ताव सभाका अध्यक्षज्यूले सभा समक्ष पेस गर्नु भएकोमा शेयर लाभांश (बोनस शेयर) जारी गर्ने विशेष प्रस्ताव पारित भए पश्चात हुन आउने चुक्ता पूँजीको ७० प्रतिशत हकप्रद शेयर (Right Share) जारी गर्ने प्रस्तावलाई सर्वसम्मतिले पारित गर्यो ।

३. शेयर लाभांश (बोनस शेयर) तथा हकप्रद शेयर जारी गरे पश्चात हुने शेयर संरचना बमोजिम जारी तथा चुक्ता पूँजिलाई सोही अनुरुप वृद्धि गर्ने साथै सोही बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।
संचालक समितिले प्रस्ताव गरे बमोजिम नवौं वार्षिक साधारण सभाबाट पारित हकप्रद शेयर पूर्ण बाँडफाँट पश्चात कायम हुने चुक्ता पूँजी रु. १,०१,०६,२५,०००।०० को १२ प्रतिशतका दरले हुन आउने रु. १२,१२,७५,०००/- बोनस शेयर जारी गरे पश्चात कायम हुन आउने जारी पूँजीमा ७० प्रतिशत हकप्रद शेयर जारी गरे पश्चात हुन आउने चुक्ता पूँजीलाई तदअनुरुप वृद्धि गरि रु १,९२,४२,३०,०००।०० (एक अरब बयानब्बे करोड बयालिस लाख तीस हजार) कायम गर्ने र सोही अनुसार कम्पनीको प्रबन्धपत्रमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव सभाका अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएकोमा नवौं वार्षिक साधारण सभाबाट पारित हकप्रद शेयर पूर्ण बाँडफाँट पश्चात कायम हुने चुक्ता पूँजी रु. १,०१,०६,२५,०००।०० को १२ प्रतिशतका दरले हुन आउने रु. १२,१२,७५,०००/- बोनस शेयर जारी गरे पश्चात कायम हुन आउने जारी पूँजीमा ७० प्रतिशत हकप्रद शेयर जारी गरे पश्चात हुन आउने चुक्ता पूँजीलाई तदअनुरुप वृद्धि गरि रु १,९२,४२,३०,०००।०० (एक अरब बयानब्बे करोड बयालिस लाख तीस हजार) कायम गर्ने र सोही अनुसार कम्पनीको प्रबन्धपत्रको दफा ६(ख) र (ग) लाई देहाय अनुसार हुने गरी संशोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित गर्यो ।
प्रबन्ध पत्रको दफा ६(ख) र (ग)को संशोधित रुप :

दफा ६(ख)
कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजी रु १,९२,४२,३०,०००।०० (एक अरब बयानब्बे करोड बयालिस लाख तीस हजार) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु १००। का दरका १,९२,४२,३०० (एक करोड बयानब्बे लाख बयालिस हजार तीन सय) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

दफा ६(ग)
कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबोल गरेको पूँजी रु १,३४,६९,६१,०००।०० (एक अरब चौंतीस करोड उनान्सत्तरी लाख एकसट्ठी हजार) तथा सर्वसाधारणबाट रु ५७,७२,६९,०००।०० (सन्ताउन्न करोड बहत्तर लाख उनान्सत्तरी हजार) गरि जम्मा रु १,९२,४२,३०,०००।०० (एक अरब बयानब्बे करोड बयालिस लाख तीस हजार) हुनेछ ।

३. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संशोधन एवं स्विकृतिको क्रममा नियमनकारी निकायबाट कुनै संशोधन, फेरबदल गर्न वा थपघट गर्न निर्देशन प्राप्त भएमा सोही बमोजिम गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।
कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधनका लागि नियमनकारीबाट कुनै संशोधन वा फेरबदल गर्न सुझाव प्राप्त भएमा सो बमोजिम आवश्यक संशोधन वा फेरबदल सम्बन्धी सम्पूर्ण आवश्यक कार्य गर्नका लागि संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव सभाका अध्यक्षज्यूले सभा समक्ष पेश गर्नु भएकोमा उक्त प्रस्ताव सभाले सर्वसम्मत रुपमा पारित गर्यो ।

५. बीमकको संस्थागत सुशासन निर्देशिका बमोजिम विभिन्न समिति तथा उपसमितिहरुलाई प्रदान गरिएको बैठक भत्ताको अनुमोदन गर्ने ।
बीमकको संस्थागत सुशासन निर्देशिका बमोजिम लेखापरिक्षण समिति, दावी समिति, पदपूर्ति समितिका पदाधिकारीहरुलाई संचालक समितिका सदस्यहरुले पाए सरहको प्रति बैठक भत्ता बापत रु. ५,०००/- का दरले उपलब्ध गराईएकोमा सो को अनुमोदनका लागि सभाका अध्यक्षज्यूले प्रस्ताव पेश गर्नु भएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मत रुपमा अनुमोदन गर्यो ।

६. कम्पनी (पहिलो संशोधन) ऐन, २०७४ को दफा १०५ (१) (ञ) बमोजिम आ.व. २०७३/७४ मा चन्दा शीर्षक अन्तर्गत भएको खर्चको अनुमोदन गर्ने ।
कम्पनीबाट विभिन्न संघ संस्थालाई २०७३/७४ मा चन्दा शिर्षक अन्तर्गत प्रदान गरिएको रु. ३,७८,६७०/- अनुमोदनका लागी सभाका अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव राख्नु भएकोमा उक्त चन्दा अन्तर्गत प्रदान गरिएको रकमको अनुमोदन गर्ने निर्णय सर्वसम्मतिले पारित गर्यो ।

ग. विविध

१) संचालकहरुको दैनिक भ्रमण भत्ता सम्बन्धमा ।
संचालकहरुको दैनिक भ्रमण भत्ता सम्बन्धी सभा समक्ष प्रस्ताव राख्नु भएकोमा स्वदेश भ्रमणमा अध्यक्षलाई बिल बमोजिमको होटल तथा यातायात खर्च, दैनिक खाना भत्ता रु. ४,०००।०० र दैनिक भत्ता रु. ३,०००।०० प्रदान गर्ने र संचालकको हकमा बिल बमोजिमको होटल तथा यातायात खर्च, दैनिक खाना भत्ता रु. ३,०००।०० र दैनिक भत्ता रु. २,०००।०० प्रदान गर्ने, साथै भारत भ्रमणको क्रममा अध्यक्षलाई बिल बमोजिमको होटल तथा यातायात खर्च, दैनिक खाना भत्ता भारतीय रुपैंया ₹ ४,०००।०० र दैनिक भत्ता भारतीय रुपैंया ₹ ३,०००।०० प्रदान गर्ने र संचालकको हकमा बिल बमोजिमको होटल तथा यातायात खर्च, दैनिक खाना भत्ता भारतीय रुपैंया ₹ ३,०००।०० र दैनिक भत्ता भारतीय रुपैंया ₹ २,०००।०० प्रदान गर्ने संचालक समितिको प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन/पारित गर्यो ।
विविध अन्तर्गत छलफलका लागि अन्य विषयहरु नभएको भनी सभाका अध्यक्षज्यूले सभा समक्ष जानकारी गराउनु भयो ।

१०. धन्यवाद ज्ञापन तथा सभा विसर्जन

सभाका अध्यक्षज्यूले उपस्थित शेयरधनी महानुभावहरु, कर्मचारीहरु, नियामक निकाय बीमा समिति, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., कम्पनी रजिष्ट्रारको कार्यालय, शेयर रजिष्ट्रार नबिल इन्भेष्टमेन्ट बैंकिङ लि. साथै सरोकारवाला सबै कार्यालयहरु तथा महानुभावहरुलाई कम्पनीको दशौं वार्षिक साधारण सभा

सफल बनाउन सहयोग गर्नु भएकोमा धन्यवाद दिँदै सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

SURYA LIFE

सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
SURYA LIFE INSURANCE COMPANY LIMITED
पो.ब.नं: १५१२१, चार्टर टावर चौथो तल्ला, ज्ञानेश्वर, काठमाडौं
फोन नं: ०१-४४२३७४३ फ्याक्स: ४४१९५६५
ई-मेल: info@suryalife.com वेब: www.suryalife.com

तपाईंको भविष्य, हाम्रो अभिभारा